**आकाशवाणी गान्तोक**
**प्रादेशिक समाचार**
**July 25th, 2026**

1. PM - Mann Ki Baat/Desk

प्रधानमन्त्री नरेन्द्र मोदीले आज कारगिल विजय दिवसको अवसरमा देशका वीरहरूलाई सम्झँदै भारतले निरन्तर नयाँ उचाइहरू प्राप्त गरिरहेको बताउनुभएको छ। आकाशवाणीमा मन की बात कार्यक्रममा राष्ट्रलाई सम्बोधन गर्दै श्री मोदीले शहीदहरूलाई श्रद्धाञ्जली अर्पण गर्न र सुरक्षित, सक्षम र आत्मनिर्भर भारत निर्माण गर्ने संकल्पलाई अझ बलियो बनाउन सबैलाई आग्रह गर्नुभयो। प्रधानमन्त्रीले भारतले आफ्नो प्राविधिक क्षमताहरूलाई निरन्तर बलियो बनाइरहेको चर्चा गर्नुभयो। 'क्याच द रेन' अभियानको बारेमा बोल्दै प्रधानमन्त्री मोदीले जुलाई ४ देखि विशेष राष्ट्रव्यापी अभियान चलिरहेको र यसमा सबैतिरका मानिसहरूको अत्यधिक सहभागिता जनाइरहेको बताउनुभयो। प्रधानमन्त्रीले केही दिन अघि ग्लासगोमा सुरु भएको राष्ट्रमंडल खेलकुदको चर्चा गर्दै हालै खेलकुदको क्षेत्रमा भारतीय युवाहरूले उल्लेखनीय उपलब्धि हासिल गरेकोमा गर्व व्यक्त गर्नुभयो। प्रधानमन्त्रीले यसै महिना भौतिकशास्त्र, रसायनशास्त्र, जीवविज्ञान र गणितमा आयोजना गरिएका ओलम्पियाडहरूमा भारतीयहरूले उत्कृष्ट प्रदर्शन गरेको उल्लेख गर्नुभयो। प्रधानमन्त्रीले **एक पेड माँ के नाम** अभियानको विषयमा बताउँदै देशभरका मानिसहरू प्रकृतिप्रतिको आफ्नो जिम्मेवारी पूरा गरिरहेका छन् भन्नुभयो। प्रधानमन्त्रीले प्लास्टिक प्रदूषणप्रति चिन्ता व्यक्त गर्दै प्लास्टिकलाई ठीकसित टुंगो लगाउन जोड दिनुभयो। उहाँले गणेश उत्सवको समयमा माटोको मूर्तिहरू प्रयोग गर्न आग्रह गर्नुभयो। प्रधानमन्त्रीले अगस्ट ७ मा राष्ट्रिय हतकर्घा दिवस देशभर मनाइने उल्लेख गर्दै मानिसहरूलाई ह्यान्डलूम शिल्पकलालाई प्रोत्साहित गर्न अपील गर्नुभयो। प्रधानमन्त्रीले भोलि जुलाई २७ मा भारतरत्न डा. ए.पी.जे. अब्दुल कलामको पुण्यतिथिको स्मरण गर्दै डा. कलामको व्यक्तित्वमा धेरै प्रेरणादायी पक्षहरू रहेको बताउनुभयो। आफ्नो सम्बोधनको अन्तमा, प्रधानमन्त्रीले अगस्ट १५, स्वतन्त्रताको लागि आफ्नो जीवन बलिदान गर्ने अनगिन्ती नायकहरूलाई सम्झने दिन हो भन्नुभयो। प्रधानमन्त्री श्री मोदीले फेरि एक पटक सबैलाई अगस्ट १५ अघि MyGov पोर्टलमा आफ्ना विचार र सुझावहरू साझा गर्न आग्रह गर्नुभयो।

2. Governor – Kargil Diwas/Desk

कारगिल विजय दिवसको अवसरमा राज्यपाल श्री ओम प्रकाश माथुरले आज बर्दाङस्थित सिक्किम प्रेरणा स्थलमा कारगिल युद्धका वीर नायकहरू र राष्ट्रको सिमानाको रक्षा गर्न आफ्नो जीवन बलिदान दिने भारतीय सेनाका शहीदहरूलाई श्रद्धाञ्जली अर्पण गर्नुभयो। श्रद्धाञ्जली समारोहपछि राज्यपालले प्रेरणा स्थल परिसरमा चलिरहेका विभिन्न विकास कार्यहरूको निरीक्षण गर्नुभयो। उहाँले अधिकारीहरूसँग कामको प्रगतिको समीक्षा गर्नुभयो र यस स्मारकको गरिमा अनुरूप सबै निर्माण कार्य समयमै र उच्च गुणस्तरका साथ सम्पन्न गर्नुपर्ने आवश्यकतामा जोड दिनुभयो।

3. CM-Tribute- Kargil Diwas/DR Dulal

कारगिल विजय दिवसको अवसरमा आज मुख्यमन्त्री प्रेमसिंह तामाङले गान्तोकमा राज्य सैनिक बोर्ड कार्यालय तथा सैनिक विश्राम गृहको उद्घाटन गर्नुभयो। उहाँले कारगिलका वीर शहीदहरूप्रति श्रद्धाञ्जली अर्पण गर्दै भारतीय सेनाको साहस र योगदानको प्रशंसा गर्नुभयो। दुर्गम क्षेत्रबाट राजधानी आउने भूतपूर्व सैनिकहरूको सुविधाका लागि यो भवन निर्माण गरिएको हो। यस अवसरमा उहाँले भूतपूर्व सैनिक बोर्डलाई सरकार र सैनिकबीचको प्रभावकारी सेतुका रूपमा उल्लेख गर्दै पूर्वसैनिक कल्याण र अग्निवीरका लागि सरकारका विभिन्न योजनाबारे जानकारी दिनुभयो।

4. Sikkim Thami Association/Ajay Thami

अखिल सिक्किम थामी संघको साधारण सभा बुर्तुक थामी गाउँमा वरिष्ठ सदस्य श्री डीबी थामीको अध्यक्षतामा हिजो सम्पन्न भयो। बैठकमा अखिल सिक्किम थामी संघका अध्यक्ष श्री पूर्ण थामीलगायत राज्यभरका वरिष्ठ सदस्यहरू र संघका सदस्यहरूको उपस्थिति रहेको थियो। बैठकमा वर्ष १९९४ (1994) देखि सिक्किममा थामी सदस्यहरूको संघर्ष र एकीकरणको बारेमा प्रकाश पारिनुका साथै थामी समुदायलाई केन्द्रीय ओबीसी दर्जा प्राप्त गर्न संस्थापक सदस्यहरूले सामना गरेको संघर्षको बारेमा जानकारी गराइएको थियो। संघका कार्यवाहक अध्यक्ष श्री दिल बहादुर थामीले युवाहरूलाई अग्रजहरूको पथप्रदर्शनलाई ग्रहण गर्दै संघलाई अगाडि बढाउन जिम्मेवारी वहन गर्नुपर्ने बताउनुभयो। उहाँले श्री प्रेम सिंह तामाङको नेतृत्वमा रहेको वर्तमान सरकारले सिक्किमका सबै २१ समुदायलाई धेरै सहयोग गरिरहेको अनि उनीहरूले अधिकार र सुविधाहरू पाइरहेको उल्लेख गर्नुभयो। उहाँले संघको दर्ता गरिएको जग्गा, बुर्तुकमा थामी भवन निर्माण गर्न सरकारबाट मार्गदर्शन लिने पनि जानकारी दिनुभयो।